मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १७५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ बैशाख ३० गते शुक्रबार (Friday, May 13. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६, दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा। *दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

# स्थानीय तहमा आज मतदान

**झापा, बैशाख २९।** शुक्रबार सम्पन्न हुने स्थानीय तहको निर्वाचनमा प्रदेश नं. १मा राजनीतिक दल र तिनका उम्मेदवारबीचका मित्रवत् व्यवहार देखिएको छ।

यसले गर्दा प्रदेशमा अहिलेसम्म अप्रिय घटना नभएको पाइएको छ। उम्मेदवारले निर्वाचन प्रचारप्रसारका क्रममा मित्रवत् व्यवहार प्रदर्शन गरेका थिए। लगभग दुई दर्जनभन्दा बढी राजनीतिक दलका उम्मेदवारले निर्वाचनमा भाग लिएका छन्।

सबै दल र तिनका उम्मेदवारले आ-आफ्नो सिद्धान्त, विचार र सङ्कल्पका साथ जनतामाझ गएकाले निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहीत एवम् पारदर्शी हुने कुरामा प्रहरी, प्रशासन, रानजीतिक दल र निर्वाचन कार्यालय विश्वस्त देखिएका छन्।

निर्वाचनमा यस प्रदेशमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, म्यादी प्रहरी र राष्ट्रसेवक कर्मचारी गरी ५४ हजार ५ सय ५० जनशक्ति परिचालित भएका छन्।

यसैगरी म्यादी प्रहरी १७ हजार ३ सय ७२, नेपाल प्रहरी १० हजार ५ सय ९१ परिचालन भएको प्रदेश नं १ प्रहरी कार्यालय रानी विराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक अरुणकुमार विसीले जानकारी दिए।

उनले प्रदेशको भौगोलिक, जनसंख्या, मतदाता र मतदान केन्द्रहरुको धरातलमा उभिएर निर्वाचनमा अप्रिय घटना हुन नदिन प्रदेशमा ८ सय ४९ स्थान सम्वेदनशील र ३ सय २१ स्थान अतिसंवेदनशील तथा ७ सय ७ स्थान सामान्य स्थान पहिचान गरी सुरक्षाको प्रबन्ध मिलाएको बताए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश प्रहरी कार्यालय रहने गरी एक प्रदेश सुरक्षा समिति बनेको र मतदानको अवधिमा अराजक गतिविधि भएमा तुरुन्तै त्यसको नियन्त्रण, निराकरण एवम् व्यवस्थापनमा हवाई गस्तीसहितको सुरक्षा निकाय परिचालन हुने प्रहरी नायब महानिरीक्षक विसीले बताए।

उनले विगतको अभ्यासलाई नियाल्दा अहिले निर्वाचन विरोधी गतिविधि नभएको, सबै दलहरु सौहार्दपूर्ण वातावरणमा निर्वाचनमा सहभागी भएकाले अप्रिय घटना हुने सम्भावना कम रहेको प्रतिक्रिया दिए।

प्रदेश अन्तर्गत गाउँपालिका ८८, नगरपालिका ४६, उपमहानगरपालिका दुई र महानगरपालिका एक गरी कूल १ सय ३७ पालिकामा एक हजार १ सय ५७ वडा छन्। प्रदेशमा १६ लाख ९९ हजार ८ सय पुरुष, १६ लाख ४५ हजार ५ सय ६१ महिला र २३ अन्य गरी जम्मा ३३ लाख ४५ हजार ३ सय ८४ मतदाता छन् भने यसका लागि सुरक्षामा उदयपुर जिल्लाबाहेक अन्य जिल्लाका गरी कूल चार हजार ५ सय ७७ सशस्त्र प्रहरी र २२ हजार कर्मचारी परिचालन भएको सम्बन्धित जिल्लाका प्रमुख जिल्लाका अधिकारीले जानकारी दिएका छन्।

१४ जिल्ला रहेको प्रदेशमा मतदानस्थल एक हजार ८७७ र मतदान केन्द्र चार हजार ५१ छन्। मतदान केन्द्रमा तीन घेरामा सुरक्षा निकाय बस्ने, पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाल सेनाका टोली रहने भएकाले निर्वाचनमा कुनै पनि समस्या नआउने मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिए।

निर्वाचन मिति घोषणा भएदेखि अहिलेसम्म प्रहरी प्रशासनले गर्ने काम व्यवस्थित एवम मर्यादित ढङ्गले सम्पादन गरेको जनाउँदै उनले भने- मतदान अवधिमा प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति पनि रहेकाले मतदातालाई निर्भिकताका साथ मतदान केन्द्रमा गई मतदान गर्न आग्रह गर्नुपर्छ। खोटाङका प्रमुख जिल्ला अधिकारी फणिन्द्र दाहालले यस जिल्लामा केही स्थान संवेदनशील र केही स्थान अतिसं[redacted]काले निर्वा[redacted]प्रिय घटना हुन नदि[redacted] अपन[redacted]तिक्रिया दिए।



## आज प्रदेश १मा बर्षा !

**काठमाडौं, बैशाख २९।** आज मुलुकका विभिन्न क्षेत्रमा वर्षाको आँकलन गरिएको छ। स्थानीय वायु र पश्चिमी वायुसँगै 'असानी' नामक चक्रवातको असरका कारण वर्षाको आँकलन गरिएको हो।

मौसम पूर्वानुमान महाशाखाका अनुसार पूर्वी र मध्य नेपाल केन्द्रित वर्षा हुनसक्छ। शुक्रबार स्थानीय तह निर्वाचनका लागि मतदान हुँदैछ। महाशाखाका अनुसार आज दिउँसो प्रदेश १, मधेश, बागमती, गण्डकी र लुम्बिनीका केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यमवर्षाको सम्भावना छ। कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा पनि हल्का वर्षाको सम्भावना छ।

शुक्रबार प्रदेश १, बागमती र गण्डकीका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। अन्य प्रदेशका थोरै स्थानमा मेघगर्जन र चटयाङसहित हल्का वर्षाको आँकलन गरिएको छ। राति प्रदेश १का केही स्थान तथा बागमती र गण्डकीका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

## मतदान केन्द्रमा यी बस्तु निषेध

मोबाइल, क्यामेरा तथा फोटो खिच्ने सामग्री, सलाई र लाइटरजस्ता प्रज्ज्वलनशील एसिड पदार्थ, कुनै प्रकारको हातहतियार, नमूना मतपत्रलगायतका कागजात, कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको वा सङ्केत जनाउने कुनै वस्तु आदि।

## मतदान केन्द्रभित्र कसले प्रवेश पाउँछ ?

मतदाता, उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक, आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति, महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको नाबालक एवम् दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगका लागि साथमा आएको एकाघरको परिवारको सदस्य मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि मतदान अधिकृतबाट मतदान केन्द्रमा प्रवेश गर्न नदिइने बताएको छ।

## सिटौला, शर्मा र लिङ्देनले झापामा मतदान गर्दै



**झापा, वैशाख २९।** आज शुक्रवार हुने स्थानीय तहको निर्वाचनमा पूर्व उपप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका शीर्ष नेता कृष्णप्रसाद सिटौलाले भद्रपुर-१०मा रहेको कलवलगुडी आधारभूत विद्यालयबाट मतदान गर्ने भएका छन्।

स्थानीय तहको निर्वाचनका लागि सिटौला केही समय अघिदेखि नै झापामा छन्। चुनावी अभियानमा विभिन्न पालिकामा आयोजित सभालाई सम्बोधन समेत गरेका सिटौला मौन अवधि शुरु भएसँगै चन्द्रगढीस्थित निवासमा छन्। उनले विहानै मतदान गर्ने कार्यक्रम रहेको बताइएको छ।

त्यस्तै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले मेचीनगर-९बाट मतदान गर्ने भएका छन् उनले मेचीनगर-९मा रहेको कवि शिरोमणि माध्यमिक विद्यालय मतदान केन्द्रबाट मतदान गर्ने भएका हुन्। यता राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले हल्दिवारी गाउँपालिकाको १ नम्वर वडा कार्यालयको वुथबाट मतदान गर्ने भएका हुन्।

## एक करोड ७७ लाख ३३ हजार सात सय २३ मतदाता

**झापा, बैशाख २९।** देशभरका कूल १० हजार ७५६ मतदानस्थलमा रहेका २१ हजार ९५५ मतदान केन्द्रमा शुक्रवार बिहान ७ बजेदेखि मतदान कार्य शुरु हुँदैछ।

मतदान कार्य अपरान्ह ५ बजेसम्म जारी रहनेछ। निर्वाचनबाट ७५३ स्थानीय तहका प्रमुख/उपप्रमख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, दलित महिला सदस्य, महिला सदस्य र खुला वडासदस्य गरी कूल ३५ हजार २ सय २१ जना निर्वाचित हुनेछन्।

जस अन्तर्गत छ महानगरपालिका, ११ उपमहानगरपालिका र सय नगरपालिकामा गरी २ सय ९३ प्रमुख र उपप्रमुख, ४ सय ६० गाउँपालिकामा एक/एक जना अध्यक्ष र उपाध्यक्ष, छ हजार ७ सय ४३ वडामा वडाध्यक्ष, सोही संख्यामा महिला र दलित महिला सदस्य तथा १३ हजार ४ सय ८६ खुला वडा सदस्य निर्वाचित हुनेछन्।

स्थानीय तह सदस्य निर्वाचनमा ८९ लाख ९२ हजार १० पुरुष, ८७ लाख ४१ हजार ५ सय ३० महिला र १ सय ८३ अन्य गरी कूल एक करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाता रहेका छन्। यसपटकको निर्वाचनमा बिहीबारसम्म १८ वर्ष उमेर पूरा भएका बालिक मतदाताले मतदानको अवसर पाएका छन्।

**उपराष्ट्रपतिले मतदान नगर्ने**

उपराष्ट्रपति नन्दबहादुर पुनले स्थानीय तह निर्वाचनमा मतदान नगर्ने भएका छन्। उनले उपराष्ट्रपतिमा निर्वाचित भएपछिका कुनै पनि निर्वाचनमा मतदान गरेका छैनन्।

उपराष्ट्रपति पद राष्ट्रको साझा व्यक्तित्वका रुपमा रहेको र अभिभावकीय भूमिकामा रहनुपर्ने भएकाले उनले मतदान नगर्ने उपराष्ट्रपतिको सचिवालयले जनाएको छ।

## चुनाव बहिष्कारको आव्हान गर्नेलाई पक्राउ गरिने

**झापा, बैशाख २९।** स्थानीय तह निर्वाचनको पूर्वसन्ध्यामा 'चुनाव बिथोल्ने' गतिविधि गर्नसक्ने सबैखाले समूहमाथि 'सूक्ष्म निगरानी' गरिएको सुरक्षा अधिकारीहरूले बताएका छन्।

उनीहरूका भनाइमा त्यस्ता गतिविधि गर्नसक्ने कैयौंको सामाजिक सञ्जाल खाता र तिनमा गरिने पोस्टहरूको पनि अनुगमन भइरहेको छ। चुनाव 'बहिष्कार' गर्न आह्वान गर्दै सडक वा सार्वजनिक स्थलमा निस्कने 'जोकोहीलाई पक्राउ गर्ने' नीति सरकारले अख्तियार गरेको गृह मन्त्रालयका प्रवक्ताले बताएका छन्।

'चुनाव बिथोल्ने प्रयास गरेको' आरोपमा केही व्यक्तिलाई केही समय नियन्त्रणमा लिइएको तथा एकाध स्थानमा 'मतदातालाई त्रसित पार्ने खालका' गतिविधि भएको भन्ने विवरणमाझ अधिकारीहरूको यस्तो भनाइ आएको हो।

**'सूक्ष्म निगरानी'**

सुरक्षा अधिकारीहरूले 'निर्वाचनविरोधी गतिविधि' गर्नसक्ने सम्भावित समूह र व्यक्तिहरूमाथि 'सूक्ष्म निगरानी' गरिएको बताएका छन्। उनीहरूका भनाइमा नेपालका गुप्तचर र सुरक्षा निकायहरूले त्यस्ता गतिविधि गर्नसक्ने सम्भावित समूह र व्यक्तिहरूको सूची बनाएर त्यसै अनुरुप कार्ययोजना समेत बनाएको छ।

देशभरिका १०,००० भन्दा बढी मतदानस्थलमा सुरक्षाको प्रत्याभूति गर्नका लागि त्यस्तो निगरानी जारी राखिएको अधिकारीहरूको भनाइ छ। पहिले माओवादीमा रहेका तर अहिले उक्त शक्तिबाट भिन्न भएका कतिपय समूहले निर्वाचन बहिष्कार गर्न आव्हान गर्दै

*(बाँकी अन्तिम पृष्ठमा)*

## झण्डै २६ लाख नागरिक मताधिकारबाट बञ्चित

**झापा, वैशाख २९।** स्थानीय तहको निर्वाचनका लागि सिंगो मुलुकमा उत्साह छ।

जनप्रतिनिधि चुन्न आ-आफ्नो गाउँ शहरमा जाने-आउने क्रम चली नै रहेको छ। तर, मतदाता नामावलीमा नाम भएर पनि वैदेशिक रोजगारीमा गएका, निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी तथा अत्यावश्यक सेवामा काम गर्नेहरुले पनि मतदान गर्न पाउने छैनन्। मताधिकारबाट बञ्चित हुने नागरिकको संख्या झण्डै २६ लाख छ।

सर्वोच्च अदालतले कानून बनाएरै विदेशमा रहेका नागरिकलाई पनि मताधिकार दिन आदेश दिएको थियो। तर, सरकारले वास्ता नगर्दा वैदेशिक रोजगारीमा रहेका करिव २२ लाख मतदाताले यो स्थानीय निर्वाचनमा पनि मताधिकार प्रयोग गर्न पाएनन्। स्वदेशमै भएर पनि चुनावमा खटिएका एक लाख १० हजार कर्मचारी, २० हजारभन्दा बढी निर्वाचन पर्यवेक्षक, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासहित एक लाख सुरक्षाकर्मीले पनि मतदान गर्न पाउने छैनन्। आफ्नै स्थानीय तहमा खटाउन नमिल्ने भएपछि उनीहरु मताधिकारबाट बञ्चित भएका हुन्।

यसबाहेक स्वास्थ्यकर्मी, पत्रकार, सुरक्षाकर्मी, खानेपानी, दमकल, रक्तसेवा लगायत अत्यावश्यक सेवामा काम गर्नेहरु पनि काममै जुट्नुपर्दा हजारौं जनाले भोट हाल्न जान नपाउने भएका छन्। नयाँ नक्सामा समावेश गरिएको दार्चुलाको नेपाली भूमि गुन्जी, नावी र कुटीमा त सरकारको उपस्थिति नै पुग्न सकेको छैन्। त्यहाँका करिब ८ सय बासिन्दाको नागरिकता नभएको र मतदाता परिचय-पत्र समेत बन्ने स्थिति नहुँदा ती स्थानमा स्थानीय तह निर्वाचनको मतदान कार्यक्रम नै हुने छैन।

त्यसो त कामको बाध्यता र कमजोर आर्थिक अवस्थाकै कारण मतदाता परिचय-पत्र भएर पनि भोट हाल्न नजानेको संख्या ठूलै छ। सरकारले उचित कानून र विधि नबनाउँदा योग्य जनप्रतिनिधि चुन्ने अवसरबाट लाखौ नागरिक बञ्चित हुनु परिरहेको छ। के यही बर्ष हुनुपर्ने प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा सबैले मत हाल्ने परिस्थिति बन्ला ?

**VACANCY ANNOUNCEMENT**

**GREENFIELD WORLD SCHOOL, BIRTA[redacted], JHAPA, NE[redacted]**

The school invites applications from qualifie[redacted]highly motiva[redacted]nts for the following posts.

| Post | Level | Nos. | Quali[redacted]tion | [redacted] |
|---|---|---|---|---|
| Pre-Primary | Kinder Garten | 01 | Mont[redacted]i trained with [redacted]elor's degree | [redacted] |
| English | Primary and Lower Secondary | 02 | Bach[redacted] degree/ (Mas[redacted]preferred) | [redacted] |
| Computer | Secondary | 01 | Bach[redacted] degree/ (Mas[redacted]preferred) | [redacted] |
| Nepali | Secondary | 01 | Bach[redacted] degree/ (Mas[redacted]preferred) | [redacted] |

Note: * Strong content knowledge. * Sound knowle[redacted]basic compute[redacted]ills. * Ability to work as a part of a team, motivated an[redacted]mitted, willingn[redacted]and grow. * Fluency in spoken and written English.

**All the interested candidates who fulfill the above[redacted]oned criteria m[redacted]**
**CVs personally or via mail within 2079/02/05.**

E-mail: **greenfieldworldschool@gmail.com**

**Phone No.: 023-542208 / 9816936368[redacted]**

**Pri[redacted]S**

## अन्सारीमाथि पैसा बाँडेको आरोप, एमाले जनकपुर अध्यक्ष भण्डारी पक्राउ



**जनकपुर, बैशाख २९।** मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीमाथि मतदाता प्रभावित पार्न पैसा बाँडेको आरोप लागेको छ ।

जनकपुर उपमहानगरपालिकाको मेयरमा उठेका स्वतन्त्र उम्मेदवार जानकीराम साहलाई सघाउने गरी मतदाता प्रभावित पार्न खोजेको अन्सारीमाथि आरोप लागेको हो ।

मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीलाई सीताचरण होटेलबाट उद्धार गर्दै प्रहरी । अन्सारी जनकपुरस्थित सीताचरण होटेलमा चार दिनदेखि बसेको र साहका पक्षमा मुस्लिम मतदातालाई प्रभावित गर्न खोजेको आरोप लागेको छ ।

साह केही दिनअघि मात्रै एमालेमा प्रवेश गरेका थिए । एमाले प्रवेश गराउन अन्सारीले नै भूमिका खेलेका थिए । एमालेबाट टिकट नपाएपछि साहले स्वतन्त्र उम्मेदवारी दिएका थिए । उनी लोकतान्त्रिक समाजवादी पार्टीबाट एमालेमा प्रवेश गरेका थिए ।

अन्सारीले होटेलमा बसेर पैसा बाँडिरहेको भन्ने सूचना पाएपछि एमाले जनकपुर अध्यक्ष सुरेन्द्र भण्डारी १५/२० जनाको समूहमा लिएर होटेल पुगेका थिए । होटेलमा होहल्ला र तोडफोड गरेको आरोपमा भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ । त्यस्तै आयोगका अध्यक्ष अन्सारीलाई भने प्रहरीले उद्धार गरी काठमाडौं पठाउनका लागि जनकपुर विमानस्थल पुऱ्याएको छ ।

उता अन्सारीले पत्रकार सम्मेलन गरी आफ्नो चरित्र हत्या भएको बताएका छन् ।

# एमालेकी मेयर उम्मेदवारविरुद्ध स्थानीय आक्रोशित

**झापा, बैशाख २९।** नेकपा एमालेबाट दमक नगरपालिकाकी मेयर पदकी उम्मेदवार गीता अधिकारीसँग स्थानीय आक्रोशित बनेका छन् । मौन अवधिमा मतदाता प्रभावित पार्न सुकुम्बासी बस्ती पुगेको भन्दै उनीबिरुद्ध स्थानीय आक्रोशित बनेका हुन् ।

अधिकारी बिहीबार दमक-४स्थित शान्तिटोल पुगेपछि मतदाताले उनलाई बस्ती प्रवेशमा रोक लगाएका थिए ।

अधिकारी दुईवटा गाडी लिएर उक्त बस्तीमा पुगेकी थिइन् । मतदाता प्रभावित पार्न आएको भन्दै उनलाई बिहीबार दिउँसो स्थानीयले बस्तीमा बस्न नदिएका हुन् । 'दुई गाडी मान्छे आएपछि शंका लाग्यो । गएर हेर्दा मेयरको उम्मेदवार अधिकारी आउनुभएको रहेछ । उहाँहरू एउटा घरभित्र हुनुहुन्थ्यो'- स्थानीय प्रेम तामाङ भन्छन्- 'अरू मान्छे पनि भेला गरौं भन्दै छलफल गरिरहनुभएको रहेछ । म पुगेपछि हच्किए । हामीले भिडियो गरेर उहाँलाई किन आएको भनेर सोध्यौं, उहाँहरू भाग्नुभयो ।'



मौन अवधिमा यसरी गाडीका गाडी मान्छे लिएर उम्मेदवार आउनु मतदाता प्रभावित पार्न खोजिएको स्थानीय दीपक गुरुङ बताउँछन् । 'मतदाता प्रभावित पार्नबाहेक अरू के हुन्छ ? सुकुमबासीहरू चाँडो प्रभावित हुन्छन् भनेर यसो गरिरहेका छन्'- उनी भन्छन्- 'केही दिनदेखि मध्यराति पनि गाडीका गाडी मान्छे गाउँमा छिर्न खोजिरहेका छन् । तर, हामी सचेत छौं । रातभर आफैं ड्युटी बसेर सुकुम्बासी बस्तीमा छिर्न दिएका छैनौं ।'

निर्वाचन आयोगले यो मौन अवधिमा मतदाता प्रभावित पार्ने छलफल, प्रचारप्रसारलगायतका काम नगर्न उम्मेदवार तथा दललाई निर्देशन जारी गरेको छ ।

स्थानीयहरू मत प्रभावित गर्न निर्वाचनका वेला बस्तीमा उनी छिरेको दाबी गर्छन् । 'एक वर्षसम्म बिरामी भएको नदेख्ने अनि निर्वाचनको अघिल्लो दिन बिरामी भएको देख्ने ?'- स्थानीय विनोद घिमिरे भन्छन्- 'यस्ता कुरा हामी बुझ्दैनौं । मत प्रभावित पार्न आएका हुन् ।'

तर, मौन अवधिमा प्रमुख राजनीतिक दल एमालेकी मेयर पदकी उम्मेदवार अधिकारी सुकुमबासी बस्तीमा पुगेकी हुन् । स्थानीयले प्रश्न गरेपछि अधिकारीले बिरामी हेर्न आएको उत्तर दिएकी थिइन् । उनले आफ्नो सवारीचालककी दिदी उक्त बस्तीमा बिरामी भएका कारण हेर्न गएको बताइन् । 'खासमा भएको केही होइन । मेरो ड्राइभरकी दिदी बिरामी छिन्। उनलाई मैले नै दमक अस्पतालमा उपचार गरिदिएको हुँ । बाटो पर्दा निस्केको हुँ'- उनले भनिन्- 'एउटा बिरामी हेर्न जाँदा इस्यू बनाउन हुन्छ त ? केही भएको होइन ।'

# पद र पैसाबाट प्रभावित नभई मतदान गर्न अपिल

**काठमाडौँ, बैशाख २९।** प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले मतदाताहरूलाई स्थानीय तहका जनप्रतिनिधिका लागि हुने मतदानमा पद, पैसा र पहुँचबाट प्रभावित नहुन अपिल गरेका छन् ।

निर्वाचनको तयारी पूरा भएकोबारे जानकारी दिन बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले थपलियाले प्रलोभनमा नपरी मतदान गर्न मतदातालाई आह्वान गरेका हुन् ।

स्थानीय तहको शुक्रबार हुने निर्वाचनलाई उत्सवका रूपमा ग्रहण गरी सहभागी हुन थपलियाले अपिल गरेका हुन् । 'प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला र लोकतन्त्रको सार्थक अभ्यास गर्ने माध्यम निर्वाचन भएको र कानूनबमोजिम योग्यता पुगेका हरेक नागरिकलाई उम्मेदवार बन्ने, निर्वाचित हुने र मतदान गर्ने अवसर र अधिकार निर्वाचनले प्रदान गर्नेभएको हुँदा'- उनले अपिल गरे- पद, पैसा र पहुँचबाट प्रभावित नभई एवम् निष्ठा, विचार र सिद्धान्तबाट निर्देशित भई कसैको लोभलालच, प्रलोभन, आश्वासन वा अन्य कुनै प्रभावमा नपरी आफ्नो विवेकको मत सही तरिकाले सही ठाउँमा प्रयोग गर्न म सबै मतदाता महानुभावहरूप्रति हार्दिक आह्वान गर्दछु ।

स्थानीय तह निर्वाचनका सरोकारवाला सबैलाई आग्रह गर्दै थपलियाले निर्वाचनको स्वच्छता र विश्वसनीयतामा कुनै प्रश्न उठ्न नसक्ने वातावरण बनाउन आग्रह गरे । उनले थपे- 'कसैको प्रलोभन र प्रभावमा नपरी आफूलाई मन परेको उम्मेदवारको निर्वाचन चिह्नमा स्वस्तिक छाप लगाई आफूले प्रदान गरेको अमूल्य मत बदर नहुने गरी, सही तरिकाले निर्धक्क मतदान गर्नुहुन र मतदान प्रक्रियालाई सफल बनाउन आग्रह गर्दछु ।'

मतदानको अघिल्लो दिन १८ वर्ष पुग्ने सबै नागरिकलाई मतदानको अधिकार भएको ऐतिहासिक पहिलो निर्वाचन भएको भन्दै थपलियाले मतदाता नामावलीमा नाम रहेकाले मतदाता परिचयपत्र, नागरिकता प्रमाण-पत्र, राष्ट्रिय परिचयपत्र, राहदानी वा जग्गाधनी प्रमाणपत्रमध्ये एक भएमा मतदानमा सहभागी हुन पाउने बताए ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिए । शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति हुने गरी सुरक्षा व्यवस्था मिलाइएको उनले बताए । मतदान कार्य सम्पन्न हुनासाथ सबै मतपेटीका मतगणना केन्द्रमा जम्मा गरेर तत्काल गणना कार्य शुरु गर्ने व्यवस्था पनि गरिएको उनले जानकारी दिए ।

## सामाजिक सञ्जालबाट चुलिँदै साइबर अपराध



**झापा, वैशाख २९।** सामाजिक सञ्जालको दुरुपयोगबाट नेपालमा साइबर अपराधका घटना बढ्दै गएका छन् । तर, अस्पष्ट कानूनी प्रावधान र अन्तर्राष्ट्रिय पहलकदमीको अभावका कारण पीडितले समयमै न्याय पाउन भने सकिरहेका छैनन् ।

पछिल्लो एक तथ्याङ्क अनुसार फेसबुकमार्फत हुने अपराधको हिस्सा निकै उच्च छ । गत आर्थिक वर्षमा ७१ प्रतिशत फेसबुकबाट अपराधजन्य घटना घटेका थिए भने आर्थिक वर्ष फेसबुकमार्फत भएको अपराध बढेर ९१ प्रतिशत पुगेको छ ।

नेपाल प्रहरीको साइबर व्यूरोमा गत आर्थिक वर्ष २०७७/०७८मा तीन हजार ९ सय ६ वटा उजुरी परेकोमा तीन हजार ७ सय २५ उजुरी सामाजिक सञ्जालको दुरुपयोगसँग सम्बन्धित छन् । त्यस्तै, चालू आवको फागुन मसान्तसम्म दर्ता तीन हजार ५१ उजुरीमध्ये दुई हजार ८ सय ८८ सामाजिक सञ्जाल सम्बन्धी छन् । अर्थात्, देशभित्र भएका साइबर अपराधमध्ये ९५ प्रतिशतभन्दा बढी सामाजिक सञ्जालसँग सम्बन्धित छन् ।

मानवीय दिनचर्यामा इन्टरनेट महत्वपूर्ण र सहयोगी साधन बनेको छ । तर, यही डिजिटल युगमा विद्युतीय माध्यमको प्रयोगबाट ठूल्ठूला अपराध पनि भइरहेका छन् । 'द ग्लोबल रिपोर्ट २०२२' ले डिजिटल निर्भरता र साइबर जोखिमलाई अन्तर्राष्ट्रिय जोखिमकै रूपमा विकसित हुन सक्ने भविष्यवाणी गरेको छ ।

कम्प्युटर, कम्प्युटर नेटवर्क र इन्टरनेटको दुरुपयोग गरी कानून उल्लंघन गर्नु साइबर अपराध हो । यसले विद्युतीय माध्यमको प्रयोगबाट हुने चरित्रहत्या, हैरानी दिनु, बाल यौन दुर्व्यवहार, बाल पोर्नोग्राफी, कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच पुऱ्याउनु लगायत कार्यलाई समेट्छ ।

इन्टरनेटका माध्यमबाट हुने विभिन्न अपराधमध्ये अहिले हामीले भोगिरहेको प्रमुख समस्या हो, सामाजिक सञ्जालको दुरुपयोगबाट भइरहेको अपराध । नेपालमा इन्टरनेटको पहुँचमा वृद्धि भएसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या बढेको देखिन्छ । प्रयोगकर्ता बढेसँगै यसको दुरुपयोगबाट हुने अपराध पनि बढ्दो छ ।

## प्रहरीले म्यादी र गाउँलेलाई कुटेपछि...

**सुर्खेत, वैशाख २९।** सुर्खेतको पञ्चपुरी नगरपालिकामा निर्वाचनका लागि खटिएका एकजना प्रहरीले मतदान अधिकृत, म्यादी प्रहरी र गाउँलेलाई कुटपिट गरेका छन् ।

पञ्चपुरी नगरपालिका-७ धनबोटमा रहेको नेपाल राष्ट्रिय आवासीय विद्यालयको मतदान केन्द्रमा खटिएका वरिष्ठ सई (प्रहरी नायब निरीक्षक) नरेन्द्रप्रसाद भट्टले मतदान अधिकृत, सहायक मतदान अधिकृत र ड्युटीमा खटिएका म्यादी प्रहरीमाथि कुटपिट गरेका हुन् ।

कुटपिटबाट केन्द्रका मतदान अधिकृत निरज झा, सहायक मतदान अधिकृत राजेन्द्र धमलासहित केही स्थानीय र म्यादी प्रहरीहरू घाइते छन् । बुधबारराति उनले मतदान अधिकृत, म्यादी प्रहरी र गाउँलेलाई कुटपिट गरेका हुन् ।

कर्णाली प्रदेश प्रहरीका निमित्त प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोलाका अनुसार ती प्रहरी अधिकृतले मादकपदार्थ सेवन गरी मतदान केन्द्रमा पुगेर कुटपिट गरेका थिए। निर्वाचनका बेला प्रहरी कर्मचारीबाटै अमानवीय व्यवहार भएकाले सई भट्टलाई कारबाहीको प्रक्रिया शुरू गरिएको एसएसपी बास्तोलाले बताए ।

'निर्वाचनका बेला शान्ति सुरक्षामा खटिएका प्रहरी कर्मचारीबाटै यस्तो व्यवहार हुनु गलत हो, हामीले उनलाई नियन्त्रणमा लिइसकेका छौं'- बास्तोलाले भने- 'जिल्लामा ल्याउँदैछौं, आवश्यकताअनुसार निलम्बन गरेर कारबाही प्रक्रिया अगाडि बढाउँछौं ।' सई भट्टलाई बिहीबार बिहान ३ बजेतिर प्रहरी टोलीले नियन्त्रणमा लिएको हो । मदिरा सेवन गरेका वरिष्ठ सई भट्ट बुधबार राति ११ बजेतिर धनबोट गाउँ पसेका थिए । त्यहाँ चार जना स्थानीयको घरभित्र पसेर हतियार देखाउँदै उनले कुटपिट गरेको एक स्थानीयले बताए ।

राति गाउँलेबाट लखेटिएपछि प्रहरी र म्यादी प्रहरीले उनलाई उद्धार गरी मतदान अधिकृतलगायतका कर्मचारी सुतेको घरमा ल्याएका थिए । त्यहाँ पुगेपछि उनले शुरूमै मतदान अधिकृत र सहायक मतदान अधिकृतमाथि हातपात गरेका थिए । कुटपिट गर्ने भट्ट सशस्त्र प्रहरी गण वीरेन्द्रनगरमा सहायक लेखा अधिकृत हुन् । उनलाई निर्वाचन सुरक्षाका लागि पश्चिम सुर्खेत खटाइएको थियो ।

## ६४ उद्योगलाई कालोबजारी ऐन

**काठमाडौँ, बैशाख २९।** विभिन्न प्रकारका अखाद्य र दूषित पिउने पानी उत्पादन तथा बिक्री वितरण गरको अभियोगमा ६४ उद्योगलाई कानूनी कार्बाही गरिने भएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागले ती उद्योगलाई कानूनी कार्बाहीका लागि सम्बन्धित निकायमा मुद्दा दर्ता गरिसकेको छ । चालू आर्थिक वर्षको नौ महिनाको अवधिमा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पुग्ने खाद्य बस्तु उत्पादन गरेको अभियोगमा उनीहरूलाई कालोबजारी ऐन अनुसार कानूनी कार्बाही हुने विभागका प्रवक्ता मोहन कृष्ण महर्जनले जानकारी दिए । लेवल नराखी बिक्री वितरणमा ल्याइएका १९ र अखाद्य बस्तु उत्पादन गरेका ४५ उद्योगलाई कालोबजारी ऐन २०३२ले हदैसम्मको कारबाही अन्तर्गत १० वर्षसम्म कैद र जरिवाना तोकेको छ ।

महर्जनका अनुसार विभिन्न शीर्षकमा भइरहेको र अखाद्य बस्तु उत्पादन गर्ने, दालमोठ, मिट मसला, सब्जी मसला, मिक्स मसला, मसलाजन्य बस्तु जिराको धुलो, मुसुरोको दाल, घ्यू, दूध तथा दूग्धजन्य पदार्थ, आयातित तोरीको तेल, प्रशोधित पिउने पानी, स्टिम नुडल्स्, जिराको धुलो, चियालगायतको धुलो उद्योगलाई कारबाही गरिने भएको हो ।

# मास्टरसेफ सन्तोष साहमाथि फिल्म बन्ने

आफ्नो पाककलाको माध्यमबाट संसारभर सेलिब्रेटी बनेका नेपालका मास्टरसेफ सन्तोष साहमाथि फिल्म निर्माण हुने भएको छ ।

'बीबीसी मास्टरसेफ प्रोफेसनल्स २०२१'को उपबिजेता बनेपछि चर्चामा आएका उनको जीवनमाथि निर्देशक दीपक रौनियारले फिल्म बनाउन लागेका हुन् । अहिले उनले सन्तोषसँग उनको बाल्यकालदेखि शेफ हुँदासम्मको यात्राबारे संवाद गरिरहेका छन् ।

रौनियारले फिल्म निर्माण हुने निश्चित भएपनि छायांकन केही समय पछाडि मात्र शुरु हुने जानकारी दिएका छन् । साहले जीवनमा गरेको संघर्ष र हासिल गरेको सफलता धेरैका लागि प्रेरणादायक हुने भएकाले फिल्म बनाउन लागेको उनले बताए । मास्टरशेफ साहसँगको संवाद सकिएपछि स्क्रीप्ट लेखनको काम थाल्ने दीपकको तयारी छ । अहिले सन्तोष घुमफिरका लागि नेपालमा छन् ।

१५ वर्षको उमेरमा भारतको गुजरातमा काम गर्न गएका सन्तोषले त्यहाँ विभिन्न होटेलहरुमा १० वर्ष भाँडा माझ्ने काम गरेका थिए । त्यसपछि सन् २०१०को अन्त्यमा बेलायत हानिएका उनी अहिले सिनामोन ग्रुपमा हेड सेफको रुपमा कार्यरत छन् । नेपाली परिकारलाई विश्वमाझ चिनाउने अभियानमा रहेका मास्टरसेफ साहलाई नेपाल सरकारले पर्यटनदूतमा समेत नियुक्त गरेको छ ।




निर्देशक दीपक रौनियारले आफ्नो पाइपलाइनमा रहेको फिल्म 'द स्काइ इज माइन' को छायांकन पूरा गरेपछि सन्तोष साहको जीवनीमा फिल्म बनाउनेछन् । रौनियारले यसअघि फिल्म 'सेतो सूर्य'को निर्देशन गरेका थिए । 'द स्काइ इज माइन'मा भारतकी अभिनेत्री तनिष्ठा चटर्जीको मुख्य भूमिका रहनेछ भने आशा मगराती र दयाहाङ राईले पनि मुख्य भूमिकामा अभिनय गर्नेछन् ।

**चुनाव ...**

गतिविधि गरेको पाइएपछि त्यसलाई नियन्त्रणका लागि कदम चालिएको अधिकारीहरूको भनाइ छ ।

नेपाल प्रहरीका प्रवक्ता विष्णुकुमार केसी भन्छन्- चुनावमा कसैले शान्ति सुरक्षालाई असर पुऱ्याउने, चुनौति दिने अथवा चुनावी वातावरणलाई नै बिथोल्ने अभिप्रायले गतिविधि गर्ने सबै तह तप्का र मानिसहरूलाई निगरानीमा राख्ने प्रमुख दायित्व प्रहरीको हो र त्यसका लागि प्रहरीले आफ्नो गतिविधि गरिराखेको छ- प्रवक्ता केसीले थपे- चुनावविरोधी गतिविधि गर्नेमाथि सुरक्षा निकायले सूक्ष्म निगरानी राख्ने र सजगता र सतर्कता अपनाउने काम गरिरहेको छ ।

**'सामाजिक सञ्जालको निरन्तर निगरानी'**

गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले निर्वाचन विरोधी गतिविधि गर्नेहरूलाई नियन्त्रणमा समेत लिइने बताए । उनले भने- जसले निर्वाचनविरोधी पर्चा, पम्प्लेट अथवा बिस्फोटक पदार्थ अथवा बारुद अथवा केही निर्वाचनलाई बिथोल्ने किसिमको प्रविधि लिएर हिँड्छन् भने ती सबैलाई हामी नियन्त्रण गर्छौं र कानूनको दायरामा राख्छौं ।

सामाजिक सञ्जालमार्फत चुनाव विरोधी गतिविधि गर्नेलाई पनि कारबाही गरिने उनको भनाइ छ । पोखरेलले भने- त्यस्तो (सामाजिक सञ्जालमा चुनावविरोधी गतिविधि) गर्नेलाई नियन्त्रणमा लिएर हामी कानून बमोजिम कारबाही नै गर्छौं । यो चाहिँ अलिकति जटिल विषय रहेछ । त्यो जटिल विषयलाई सामान्यीकरण गर्न हाम्रो प्रहरीको साइबर ब्यूरो र निर्वाचन आयोगका प्राविधिकहरू भएको एउटा टोली बनेको छ । त्यो टोलीको रिपोर्टका आधारमा हामी कारबाही गर्छौं ।

नेपाल प्रहरीको साइबर ब्यूरोका प्रवक्ता नवीन्द्र अर्यालका अनुसार हालसम्म सामाजिक सञ्जालबाट त्यस्ता गतिविधि गरेको भन्ने उजुरी भने आएको छैन । तर उक्त ब्यूरो र आयोगका प्राविधिकहरू सम्मिलित टोलीले कतिपयलाई 'त्यस्ता गतिविधि नगर्नू' भनी सचेत गराएको उनले बताए ।

**कति सुरक्षाकर्मी परिचालन ?**

प्रहरी प्रवक्ताका अनुसार निर्वाचनका लागि सेवामा रहेका र म्यादी गरी कूल एक लाख ६२ हजारभन्दा बढी प्रहरी सुरक्षामा खटिएका छन् । अधिकारीहरूका अनुसार स्थानीय तहको चुनावका लागि सबै खाले गरेर तीन लाखको हाराहारीमा सुरक्षाकर्मी खटिने छन् ।

निर्वाचन सम्बन्धी सुरक्षामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना खटिएका छन् । गृह मन्त्रालयका अनुसार मतदान केन्द्रहरूमा तीन तहको सुरक्षा घेरा हुनेछ । पहिलो घेरामा नेपाल प्रहरी, त्यसपछि सशस्त्र प्रहरी अनि नेपाली सेनाको हुने मन्त्रालयको भनाइ छ ।

सुरक्षाको दृष्टिकोणले गृह मन्त्रालयले मतदान स्थललाई सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीनवटा समूहमा विभाजन गरेको बताइएको छ । तर, कुन समूहमा कहाँका के कति मतदान स्थल परेका छन् भन्नेबारे अधिकारीहरूले जानकारी दिएका छैनन् । बीबीसी


## TEACHER WANTED

**Saraswati Angels' English School**, Birtmoad-6, Buttabari, Jhapa is seeking the following subject Teachers:

**English Teacher (Seniour Level)** - 01
(M.A./ M.Ed or B.A./ B.Ed. in English)
**English Teacher (Primary Level)**- 01
(B.A./B.Ed. in English Preferable)
**Computer and general Subject Teacher (Lower Sec.)** - 01 (B.A./B.Ed.)

Candidates must have fluency in English and at least two years of teaching experience. Salary and other facilities will be as per the rule of the school.

Please submit the hand written application along with the testimonial and the experience letter within 4th of jestha 2079.

*Only short listed candidates will be called for interview and class demonstration.*

**Principal**
S.A.E.S.
Contact No: 023-421169/9842623300





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# शान्तिपूर्ण निर्वाचनको अपेक्षा

**नेपालको संविधान जारी भए यता स्थानीय तहको आज दोस्रो निर्वाचन हुँदैछ । देशभरका सात सय त्रिपन्न स्थानीय सरकार चयन गर्न भइरहेको निर्वाचनमा मतदाताको उत्साहपूर्वक सहभागिता रहेको छ । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाको निर्वाचनमा यसकारण पनि मतदाताको उत्साहजनक सहभागिता छ कि यसले स्थानीय आवश्यकताको पहिचान गर्न र स्थानीयबासीको जीवनस्तर उकास्न योगदान दिने अपेक्षा गरिन्छ । तर, त्यसका लागि क्षमतावान प्रतिनिधि चयन गर्नैपर्छ र सत्पात्रको पहिचान गर्ने भूमिकामा मतदाता नै प्रमुख रहन्छन् । यो सँगै प्रत्येक मतदाताको मतदानको अधिकार सुनिश्चित र सुरक्षित गर्न निर्वाचन आयोगको भूमिका सबैभन्दा बढी हुन्छ ।**

**जारी निर्वाचनमा सकेसम्म कुनै मत बदर नहोस्, यसतर्फ आयोग, राजनीतिक दल र उम्मेदवारहरुको ध्यान जानुपर्थ्यो । त्यसका लागि मतदाता शिक्षा जन–जनमा पुऱ्याउनुपर्थ्यो । मतदाताले आफूले रुचाएको उम्मेदवारलाई मतदान गर्न सहजै पाउन् र आफूले जाहेर गरेको मत खेर नजाओस् भनेर मतदाता शिक्षालाई प्रभावकारी ढंगले सञ्चालन गरिनुपर्थ्यो । स्थानीय तहको पालिका प्रमुखदेखि सदस्यसम्मका पदका लागि मतदान गर्नुपर्छ । त्यसमाथि गठबन्धन भएका दलहरुका फरक–फरक चिह्न भएका कारण मतदाता स्वयम् अलमलमा पर्ने निश्चित छ । त्यही अलमलले मत बदर हुने सम्भावना पनि उच्च रहेको छ ।**

**मतदाता शिक्षालाई निर्वाचन आयोगले प्राथमिकतामा राखेन नै राजनीतिक दलहरुले पनि अपेक्षित महत्व दिएनन् । जसका कारण गठबन्धनतर्फ कै उम्मेदवारहरु मत पाउनबाट वञ्चित हुन सक्छन् । त्यसमाथि निर्वाचनमा प्रयोग भइरहने पैसा, शक्ति र पदको दुरुपयोगले निर्वाचनलाई निष्पक्ष, विवादमुक्त, शान्त, स्वतन्त्र र भयरहित बनाउन सकिरहेको छैन । एकातिर नेताहरु नै मर्यादा नाघेर व्यक्तिगत गालीगलौजमा उत्रिएका छन् भने सिष्टता त्यागेर व्यंग्य र नकारात्मक टिप्पणी गर्न उद्धत भएका छन् । यस्तोमा निर्वाचन आयोगले मर्यादा नाघ्ने जो कोहीलाई नैतिक बन्धनको दायरामा ल्याउने क्षमता देखाउन सक्यो भने भोलिका दिनमा हुने निर्वाचनलाई सकारात्मक प्रभाव पार्नेछ । ठूला दलका शीर्ष नेताहरु नै अराजक, अमर्यादित र नियम उल्लंघनकर्ता भइरहे भने लोकतन्त्रलाई संस्थागत गर्न असहज हुनेछ । यी सबैका बीच भइरहेको निर्वाचन शान्त, निर्विध्न, विवादरहीत हुन सकोस् यसले मात्र सुशासन, समृद्धि र विकासको पूर्वाधार तयार गर्न सहयोग गर्नेछ ।**

# मोदीको लुम्बिनी भ्रमण



**श्रीमन्नारायण**



प्रधानमन्त्री शेरबहादुर देउवाको मैत्रीपूर्ण निमन्त्रणामा दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदी बुद्ध पूर्णिमाको शुभ-साइतमा नेपाल भ्रमणमा आउँदै हुनुहुन्छ। उहाँको यस भ्रमणले दुई देशबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई प्रगाढ बनाउनुका साथै हाम्रो सांस्कृतिक सम्बन्ध र साझा सांस्कृतिक विरासतलाई समेत बलियो बनाउने निश्चित छ।

भारतका प्रधानमन्त्री मोदी आफ्नो पहिलो कार्यकालमा चार पटक नेपालको भ्रमण गर्नुभएको थियो। सनातन धर्म संस्कृतिमाथि गहिरो आस्था राख्ने मोदीले आफ्नो पहिलो कार्यकालमा पशुपतिनाथ, जनकपुरधाम तथा मुक्तिनाथ जस्ता पवित्र धार्मिक मन्दिर एवम् देवस्थलको भ्रमण गर्नुले नेपालमा भारतीयसहित अन्य विदेशीलाई समेत नेपाल भ्रमणमा आउन प्रेरित गरेको छ। भगवान् गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति तथा उनले निर्वाण प्राप्ति गरेको तिथि बैशाख पूर्णिमा कै दिन यस वर्ष मोदीले नेपाल भ्रमणमा आउनु संयोग मात्रै होइन, यो नेपाल तथा सनातन धर्म संस्कृति एवम् भगवान् गौतम बुद्धप्रतिको उनको विशेष निष्ठाभावलाई दर्शाउँछ।

सन् २०१९ मा भारतका प्रधानमन्त्रीका रूपमा दोस्रो पटक निर्वाचित भएपछि हुन लागेको उहाँको यो पहिलो नेपाल भ्रमण हो। बुद्ध पूर्णिमाको अवसरमा विश्व सम्पदा सूचीमा सूचीकृत बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने मोदीको योजनाले आगामी दिनमा यसलाई झन् बढी पर्यटकीय एवम् आकर्षक स्थल बनाउनमा सहयोगी सावित हुनेछ। मोदीको लुम्बिनी भ्रमणको अवसरमा नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री मोदी दुबै जना लुम्बिनीमा हुने कार्यक्रममा सहभागी हुनुहुनेछ।

लुम्बिनीमा मायादेवी मन्दिरमा दुवै प्रधानमन्त्रीले दीप प्रज्ज्वलन गर्ने कार्यक्रम छ। कोभिड-१९ महामारी मत्थर भएसँगै प्रधानमन्त्री मोदीले अन्तर्राष्ट्रिय भ्रमण शुरु गर्नुभएको छ। युरोपको सफल भ्रमण सकिएलगत्तै मोदी नेपाल भ्रमणमा आउन लाग्नुभएको हो। अहिले विश्व नेताका रूपमा चर्चित मोदीले सन् २०१४ र सन् २०१८ मा दुई-दुई पटक नेपाल भ्रमणमा आउनुभएको थियो। सन् २०१४ को नेपाल भ्रमणमा नै उहाँले लुम्बिनी भ्रमण गर्ने इच्छा व्यक्त गर्नुभएको थियो।

२५६६औं बुद्ध जयन्ती पनि यस वर्ष तीन दिनसम्म मनाइने भएको छ। भारतले अन्तर्राष्ट्रिय बुद्धिस्ट कन्फेरेडेसन (आईबीसी) मार्फत जर्मन स्तूप उत्तर बिहार बनाउन लागेको छ। यसलाई एक अर्ब भारतीय रुपैयाँमा तीन वर्षभित्र निर्माण सक्ने लक्ष्य राखिएको छ। बिहारको मोदी र देउवाले संयुक्तरूपमा शिलान्यास गर्ने कार्यक्रम छ। मायादेवी मन्दिर र अखण्ड ज्योति दर्शनपश्चात् मोदी एउटा कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम छ।

भारतका प्रधानमन्त्री मोदीले जगत्‌जननी जानकीको राजधानी जनकपुर (नेपाल) हुँदै भगवान् रामसमेतको जीवनगाथासँग जोडिएका पवित्र स्थललाई समेट्ने गरी रामायण सर्किटको प्रस्ताव गर्नुभएको छ भने भगवान् बुद्धको जन्मस्थल लुम्बिनी र उनले ज्ञान प्राप्त गरेका बिहारको गया तथा निर्वाण प्राप्त गरेको कुशीनगरलाई समेत समेटेर बुद्धिस्ट सर्किट निर्माण गर्ने प्रस्ताव छ। उहाँको यस भ्रमणले बुद्ध सर्किटको निर्माणकार्यलाई सक्रिय बनाउनेछ। रामायण र बुद्धिस्ट सर्किटको निर्माणले नेपाल र भारतका मात्रै होइन अपितु विश्वभरिकै पर्यटकलाई आकर्षित बनाउनेछ किनभने सनातन धर्म संस्कृतिभित्र रहेको ज्ञान, विज्ञानले व्यापकता लिएको छ।

मोदीको लुम्बिनी भ्रमण विशुद्धरूपमा धार्मिक भ्रमण नै हो, तर भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणको कुटनीतिक महत्व समेत रहेको छ। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको नेकपा सरकारको पालामा चिसिएको नेपाल-भारत सम्बन्धलाई सामान्य अवस्थामा अथवा पूर्ववत् अवस्थामा फर्काउनु कम चुनौतिपूर्ण कार्य थिएन। तर, प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सरकार आएसँगै भारतसँगको सम्बन्ध सकारात्मक एवम् सौहार्दपूर्ण बन्दै गएको छ। प्रधानमन्त्री देउवाको गत महिना सम्पन्न भारत भ्रमण यसको प्रमाण हो।

नेपाल र भारतबीच परम्परागत एवम् बहुआयामिक सम्बन्ध रहिआएको छ। दुई देशबीचको परस्पर सम्बन्धलाई सुदृढ एवम् प्रगाढ बनाउन सामाजिक एवम् सांस्कृतिक सम्बन्धको ठूलो योगदान छ। यस अद्वितीय र अकाट्य सम्बन्धलाई प्रगाढ बनाउन दुबै देशका सरकार, बुद्धिजीवी, धर्माचार्य, साहित्यकार, कवि एवम् कलाकारले पनि आ-आफ्नोतर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। संविधानतः दुबै देश धर्मनिरपेक्ष भए पनि यहाँको जीवन पद्धतिमा हिन्दू एवम् बुद्ध धर्म, संस्कृतिको गहिरो तथा व्यापक प्रभाव छ। दुई देशबीचको सम्बन्धलाई राजनीति र कुटनीतिको सीमामा मात्रै राख्न सकिँदैन।

केही वर्षयतादेखि नेपाल र भारतका सांस्कृतिक महत्वका तीर्थस्थललाई आकर्षक बनाउन हिन्दू एवम् बौद्ध धर्म संस्कृतिसँग जोडिएका महत्वपूर्ण तीर्थस्थललाई उच्च महत्व दिई आकर्षणको केन्द्र बनाउने प्रयास थालिएका छन्। नेपाल र भारतले संयुक्तरूपमा रामायण तथा बुद्धिस्ट सर्किट निर्माण गरी यसको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने र आर्थिक समृद्धिको आधार तयार पार्ने लक्ष्यका साथ धार्मिक पर्यटनलाई मुख्य प्राथमिकतामा राखेको छ।

भारतका प्रधानमन्त्री मोदीले केही वर्षअघि पशुपति-काँशी र जनकपुर-अयोध्या जोड्ने राजमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। गत वर्ष नेपाल र भारतका अधिकारीबीच सम्पन्न एक बैठकले रामायण र बुद्धिस्ट सर्किट निर्माणको विषयमा समेत सहमति जनाउनुलाई ठूलो सांस्कृतिक उपलब्धिका रूपमा लिन सकिन्छ। माता जानकी तथा मर्यादा पुरुषोत्तम श्रीरामको शुभ-विवाहको पावन दिवस विवाह पञ्चमीको अवसरमा अयोध्याबाट जन्तीका रूपमा सहभागी हुन केही वर्षअघि जनकपुरधाम आएका भारतका उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले जनकपुर-अयोध्या तथा काठमाडौं-बनारसबीच भगिनी सहर निर्माण सम्बन्धी सम्झौताले दुबै देशको पर्यटकीय विकासमा सकारात्मक सन्देश प्रवाह गरेको विश्वास व्यक्त गर्नुभएको थियो। रामायण तथा बुद्धिस्ट सर्किटको निर्माणमा भारतको केन्द्र सरकार तथा उत्तर प्रदेश सरकारले जोड दिएको छ। जनकपुर र अयोध्याबीचको दूरी घटाउन राम-जानकी राजमार्ग निर्माण हुन लागेको छ। भारत सरकारको सहयोगमा उत्तर प्रदेश सरकारले चार लेनको यो राम-जानकी राजमार्ग निर्माण शुरु गरेको छ।


प्रस्तावित रामायण सर्किटमा त्रेतायुगमा राम र सीता पुगेका नेपाल, भारत र श्रीलङ्काका धार्मिक स्थललाई एउटै मार्गले जोड्नेछ। त्यसमा नेपालको जनकपुर, भारतको सीतामढी, दरभङ्गा, बक्सर, चित्रकुट, नन्दीग्राम, महेन्द्रगिरी, जगदलपुर, भद्राचलम, टम्पी, नासिक, नागपुर र रामेश्वरम् रहेका छन्। हाल श्रीलङ्काको पर्यटकीय स्थल यसमा नजोडिएको भए पनि निकट भविष्यमै यसलाई पनि रामायण सर्किटमा जोडिने छ। त्यसैगरी बुद्धिस्ट सर्किटमा नेपालको लुम्बिनी, कपिलवस्तु, देवदह, बोधगया, सारनाथ, कुशीनगर, वैशाली पर्दछ। भगवान् गौतम बुद्धको जन्मस्थल नेपाल तथा ज्ञान प्राप्ति एवं निर्वाण प्राप्ति स्थल भारत रहेकाले बुद्धिस्ट सर्किटको निर्माण भएमा नेपाल र भारत दुबै देशमा पर्यटक आकर्षित हुने छन्।

गौतम बुद्धका सम्पूर्ण अवशेष, उनका पदचिह्न, उनका भिक्षुद्वारा निर्मित स्तूप, एलोरा जस्ता अवर्णनीय शिल्प यहाँ छन्। तर, पनि नेपाल र भारतमा बौद्ध धर्म संस्कृतिको जति विस्तार एवम् प्रचार-प्रसार हुनुपर्ने हो त्यति हुन सकेको छैन। बुद्धको जन्मभूमि, कर्मभूमि एवम् निर्वाण प्राप्ति भूमिसँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्विक वस्तु पूरै विश्वको निम्ति पर्यटकीय आकर्षणका निम्ति उपयोगी सावित हुन सक्दछ। पर्यटन क्षेत्रको सूचना, भौतिक पूर्वाधारको विकास तथा विस्तारमा सहकार्य गर्दै दुबै देशका धेरै नागरिकको आस्थासँग जोडिएको क्षेत्रमा पर्यटनसँग सम्बन्धित कार्यक्रम र गतिविधि बढाउन दुबै देशबीच हुने गरेका सहमतिलाई उपलब्धिका रूपमा लिनुपर्ने हुन्छ।

नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधिभित्र बाँध्न सक्दैनौँ किनभने वैदिक ज्ञानको अस्तित्वलाई हामी आफूसँगै सुन्दै र बुझ्दै आएका छौँ। धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देशलाई एक-अर्कासित आन्तरिकरूपमा यसरी बाँधिदिएको छ कि दुबै देश पृथक भएर पनि अभिन्न हुन्। नेपालसित भारतको सम्बन्ध त्यति नै प्राचीन छ, जति प्राचीन यसको सांस्कृतिक चेतना छ। नेपाल र भारत दुबै देश एउटै सांस्कृतिक चेतनाका संवाहक हुन्। हिमालय हामी दुबैको निम्ति आत्मसाधनको स्थल रहिआएको छ। अनन्तकालदेखि नै हिमालयका महान् शिखरले हामीलाई आध्यात्मिक शान्ति प्रदान गर्दै आएको छ। प्रधानमन्त्री मोदीको लुम्बिनी भ्रमणले नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धलाई बलियो त बनाउनेछ नै लुम्बिनीलाई विश्वकै धार्मिक एवम् पर्यटकीय स्थल बनाउनमा थप सहयोग प्रदान गर्नेछ। *गोप*

# प्रहरी र सेनाले कसरी गर्छन् मतदान स्थलको सुरक्षा ?

**अतिन आचार्य**




आज स्थानीय निर्वाचन। देशभरको सात सय ५३ स्थानीय तहका लागि जनप्रतिनिधि छनोट गर्न आज बैशाख ३० गते (शुक्रबार) निर्वाचन हुँदैछ। देशभरका १० हजार सात सय ५६ मतदान स्थलमा निर्वाचन गराउन सुरक्षाकर्मीसहित मुख्य निर्वाचन अधिकृत मतदान केन्द्रमा खटाइसकेका छन्।

निर्वाचन आयोगका अनुसार देशभर २१ हजार नौ सय ५५ मतदान केन्द्र छन्। प्रदेश १ मा मतदान स्थल एक हजार आठ सय ७७, मधेश प्रदेशमा मतदान स्थल दुई हजार एक सय ६३, बागमती प्रदेशमा मतदान स्थल एक हजार सात सय ९२, गण्डकी प्रदेशमा मतदान स्थल एक हजार दुई सय ५३, लुम्बिनी प्रदेशमा मतदान स्थल एक हजार छ सय २९, कर्णाली प्रदेशमा मतदान स्थलमा सात सय नौ र सुदुरपश्चिम प्रदेशमा मतदान स्थल एक हजार एक सय ३५ रहेका छन्।

मतदान केन्द्रको मुख्य सुरक्षा नेपाल प्रहरीले गर्दैछ। मतगणना केन्द्रको सुरक्षा पनि नेपाल प्रहरीले गर्नेछ। मतदान केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको समेत निगरानीमा हुनेछन्। मतदान केन्द्रको पहिलो सुरक्षाको जिम्मा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा नेपाली सेना रहेका छन्। यसैबीच प्रहरीले निर्वाचन सम्पन्न गर्न म्यादी प्रहरी समेत भर्ना गरेर खटाएको छ।

शान्तिपूर्ण र सुरक्षा व्यवस्था मजबुत बनाइ निर्वाचन कार्यक्रम सम्पन्न गर्न पनि विभिन्न निकायका सुरक्षाकर्मी लागेका छन्। अझ रोचकताका साथ काठमाडौं उपत्यकामा दुई वटा ठूला-ठूला महानगरपालिका भएकाले सुरक्षाको दृष्टिकोणले पनि सरकारले महत्व दिएको छ। त्यस्तै गृह मन्त्रालयले देशभरका मतदान केन्द्रको वर्गीकरण गरेर सुरक्षा व्यवस्था मिलाएको छ। अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन भागमा विभाजन गरेर सोही अनुसार सुरक्षा व्यवस्था मिलाइएको प्रहरी जनाएको छ।

संघीय राजधानी समेत रहेको उपत्यकामा मात्र कूल पाँच सय २८ मतदान स्थल संख्या छन्। काठमाडौंमा तीन सय २०, ललितपुरमा एक सय ३१ र भक्तपुरमा ७७ मतदान केन्द्र छन्। संघीय राजधानी काठमाडौं उपत्यका मतदाता बढी छन्। सुरक्षाको दृष्टिकोणले पनि उपत्यका उच्च जोखिममा रहेकाले पनि यस क्षेत्रमा बढी सुरक्षाकर्मी परिचालन गरिएको नेपाल प्रहरीले जनाएको छ।

उपत्यका मात्र चार हजार पाँच सय नेपाल प्रहरी खटाउने व्यवस्था गरिएको नेपाल प्रहरीका प्रवक्ता विष्णुकुमार केसीले जानकारी दिए। उनका अनुसार काठमाडौंमा दुई हजार पाँच सय प्रहरी, ललितपुरमा एक हजार दुई सय र भक्तपुरमा आठ सय परिचालन छन्। काठमाडौंमा बढी मतदान केन्द्र र मतदाताको संख्या बढी सुरक्षाकर्मीको व्यवस्थापन गरिएको केसीको भनाइ छ।

देशभरकै प्रत्येक मतदान केन्द्रमा आठदेखि १८ जनासम्म प्रहरी परिचालन छन्। म्यादी प्रहरीसहित मतदान केन्द्रमा प्रहरी खटाइएको उनले बताए। सुरक्षा व्यवस्थामा कुनै पनि कमी-कमजोरी आउन नदिने सुरक्षा व्यवस्थापन मजबुत बनाइएको उनले सुनाए।

गृह मन्त्रालयका अनुसार देशभर ६२ हजार नेपाल प्रहरी मतदान केन्द्रको सुरक्षामा छन्। साथै मतदान केन्द्रको सुरक्षामा म्यादी प्रहरी पनि खटिएका छन्।

काठमाडौंमा निर्वाचन मतदान केन्द्रको सुरक्षाको जिम्मा नेपाल प्रहरीलाई जिम्मा दिएको काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले बताए। प्रशासनले सुरक्षाका लागि तीनै निकायका सुरक्षाकर्मी खटाएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी पनि खटिएका छन्। 'सुरक्षा व्यवस्थापनलाई कमजोर हुन नदिन प्रशासन सचेत रहेको छ' -उनले भने- 'मतदान केन्द्रको अवस्था हेरेर सुरक्षाकर्मी परिचालन हुन्छ।'

**निर्वाचनको सुरक्षामा ७१ हजार नेपाली सेना**

मतदानको दिन नेपाली सेनाले पनि खटिने नेपाली सेनाका प्रवक्ता नारायण सिलवालले बताए। उनका अनुसार देशभर ७१ हजार सेना परिचालन गरिएको छ। एकीकृत सुरक्षा योजना स्थानीय निर्वाचन २०७९ योजना अन्तर्गत नेपाली खटिएका छन्। मतपत्र छपाइको सुरक्षादेखि ढुवानीमा नेपाली सेना परिचालित थिए।

जगेडा, रिजर्भ फौज खटिने उनले बताए। इटहरी, पोखरा, सुर्खेत र काठमाडौंमा विशेष सुरक्षाका लागि सेना खटिएको उनको भनाइ छ। 'काठमाडौंमा तयारी फौजसहितको हेलिकप्टर तैनाथ गरिनेछ' -उनले भने। प्रत्येक मतदान केन्द्रको सुरक्षा गर्न बढीमा ३० मिनेटमा नेपाली सेना पुग्ने सिलवालले जानकारी दिए। जिल्ला सुरक्षा समिति र जिल्ला निर्वाचन कार्यालयको संयोजनमा नेपाली सेनाले सुरक्षा प्रदान गर्नेछ।

**सुरक्षा संवेदनशीलताका आधारमा सुरक्षाकर्मी थपिने**

त्यसैगरी, निर्वाचनको दिन मतदान केन्द्रको सुरक्षाका निम्ति ३२ हजार सशस्त्र प्रहरी परिचालन गरिएको प्रवक्ता विदुर खड्काले जानकारीले दिए। मतदान केन्द्रको संवेदनशीलताका आधारमा प्रहरी थप हुन सक्ने उनले बताए। आवश्यकताका आधारमा तुरुन्त पुग्ने गरी एक सय ११ ठाउँमा सशस्त्र प्रहरी राखिएका छन्।

'मतदान केन्द्रको सुरक्षाका लागि सबै हाम्रा सुरक्षाकर्मी पुगिसकेका छन' -खड्काले भने- 'मतदान केन्द्रको वरिपरि मोबाइल गस्ती गरिरहेका छन्। निर्वाचन अधिकृतको कार्यालयलाई सुरक्षा दिएको छ।' उपत्यकामा भौगोलिक बनावट हेरेर पनि प्रहरी खटाइने उनको भनाइ छ। मतदान केन्द्रको अवस्थालाई अध्ययन गरेर सुरक्षाका लागि प्रहरी परिचालन गरिएको उनले बताए। *इकागज*



**चिया टिप्दै किसान** | सूर्योदय नपा– ८ मा चिया बगानमा चिया टिप्दै किसान । इलाम चियाले प्रसिद्ध रहेको छ । किसानले हरियोपत्ती टिपेर बिक्रीका लागि नजिकैको चिया फ्याक्ट्रीसम्म लाने गरेका छन् । इलाममा चिया चियाको मुख्य आयस्रोतको रुपमा रहेको छ ।
*तस्वीर : सुनिल सापकोटा*

# जेठ २ गतेसम्म विद्यालय बन्द

**झापा, बैशाख २९।** सरकारले हरेक शुक्रबार ४ बजेसम्म नै पठनपाठन सञ्चालन गर्ने र बर्खे तथा हिउँदे बिदा घटाएर हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको छ ।

सरकारले आगामी जेठ १ गतेदेखि लागू हुने गरी शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । शिक्षा मन्त्रालयले यसलाई कार्यान्वयन गराउन शिक्षा विकास तथा समन्वय एकाइ सानोठिमीलाई परिपत्र गरेको छ ।

शिक्षा मन्त्रालयले बुधबार सरकारी तथा निजी विद्यालयमा पनि हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । केन्द्रले देशका ७७ वटा जिल्ला समन्वय एकाइ तथा देशभरका स्थानीय तह एवम् विद्यालयलाई पनि हप्तामा दुई दिन सार्वजनिक बिदा कार्यान्वयन गर्न परिपत्र गरेको केन्द्रका निर्देशक रामचन्द्र शर्माले जानकारी दिए ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरे अनुसार पाठ घण्टा र कार्य घण्टामा नघट्ने गरी पठनपाठनका कार्य सञ्चालन गर्न आइतबार बिदा दिँदा अपुग भएका समय हिउँदे, वर्षे र अन्य बिदामा कटाइ पूर्ति गर्ने व्यवस्था, वार्षिक क्यालेण्डर तयार पार्न स्थानीय सरकारलाई निर्देशन गरेको छ ।

त्यसैगरी आसन्न निर्वाचनका लागि धेरैजसो सामुदायिक तथा निजी विद्यालयमा मतदान केन्द्र राखिएको, धेरै शिक्षक निर्वाचनमा खटाएको र शिक्षक तथा कक्षा १२ मा अध्ययनरत् विद्यार्थी मतदानका लागि गाउँ फर्किने भएकाले अगामी जेठ २ गतेसम्मका लागि विद्यालय बन्द गरिने भएको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइलाई मतदान केन्द्र कायम भएका विद्यालयमा २८ गतेदेखि ३० गतेसम्म तीन दिन बिदा दिन निर्देशन दिए पनि शनिबार, १ गते आइतबार तथा २ गते बुद्धजयन्तीको सार्वजनिक बिदा परेकाले छ दिन विद्यालय तथा कार्यालय बन्द हुने भएको हो ।

# ओमसाईँद्वारा ७७ वर्षीय वृद्धको सफल शल्यक्रिया

**भद्रपुर, बैशाख २९।** सरकारले दिएको वृद्धा भत्तामा आश्रित बिर्तामोड-७ स्थित खालबाडी निवासी ७७ वर्षीय वृद्ध लक्ष्मीप्रसाद भट्टराई पित्तथैलीमा देखा परेका ढुङ्गा (स्टोन)का कारण विगत तीन वर्षदेखि पीडा सहेर बस्न बाध्य भए ।

शारीरिक पीडा कम गर्न शल्यक्रिया गरी उनको पित्तथैली फाल्नुपर्ने चिकित्सकले परिवारजनलाई बताएका थिए । त्यसपछि उनका श्रीमती गोमा भट्टराई श्रीमानको पित्तथैलीको शल्यक्रिया गराउन अस्पतालहरू धाउन थालिन् । कुनै अस्पतालका चिकित्सकले श्रीमानको शल्यक्रिया गर्न चाहेनन् । अन्ततः भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलका चिकित्सकले पित्तथैलीको सफल शल्यक्रिया गरी श्रीमानलाई पुर्नजीवन दिएको उनकी श्रीमती गोमाले बताइन् ।

यता हस्पिटलका चिकित्सक सर्जन डा. सिंहका अनुसार वृद्धको पित्तथैलीको शल्यक्रिया जटिल केस हो । वृद्धको पहिला पनि पेटको शल्यक्रिया पेट चिरेर गरिएको रहेछ । यस्तो अवस्थामा पित्तथैली र आन्द्रा जोडिएको हुन्छ । यस्तो अवस्थामा पनि हाम्रो टिमले दूरबिनबाट पित्तथैलीको सफल शल्यक्रिया गरेको उनले बताए ।

# करेन्ट लागेर महिलाको मृत्यु

**झापा, बैशाख २९।** उदयपुर जिल्लाको कटारी नगरपालिका-८ टोड्केपानीको खरबारीमा घाँस काटेर घर फर्कने क्रममा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

कटारी इलाका प्रहरी कार्यालयका अनुसार मृत्यु हुनेमा ६८ वर्षीय गङ्गामाया खत्री रहेकी छन् । घाँसको भारी बोकेर घर फर्कने क्रममा नजिकैको विद्युत् पोलछेउ भएर बाटो काट्न लाग्दा पोलबाट भुइँमा झरेको तारबाट विद्युत् प्रवाह भएकाले उनको करेन्ट लागेर घटनास्थल मै मृत्यु भएको र  कम्बरदेखि मुनिको सम्पूर्ण भाग जलेको थियो ।

कटारीस्थित विद्युत् प्राधिकरण शाखा कार्यालयका प्रमुख सन्तोष कार्कीले पोलमा जोडिएको विद्युतीय तार हावाहुरीले भुइँमा झारेका कारण खत्रीको करेन्ट लागेर मृत्यु भएको बताए ।

उनको मृत्युपछि आफन्तले शव बुझ्न नमानेकाले उक्त शाखाले पाँच लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउने शर्तमा मृतकका आफन्तले बेलुकी मात्रै शव बुझेको प्रहरी नायव उपरीक्षक मानबहादुर राईले बताए ।

# युवामा कालो चस्मा क्रेज



युवा पुस्तामा कालो चस्माको क्रेज निकै बढ्दो छ । अझ गर्मीयाममा त कालो चस्माको प्रयोग व्यापक हुनु स्वभाविक हो । आसन्न स्थानीय चुनावमा नगर प्रमुखको उम्मेदवार बालेन शाहको चस्मा (सन ग्लास)को चर्चा जतातते भए जस्तै युवा पुस्तामा गर्मी मौसममा चस्मा फेसनको प्रमुख अङ्ग बनेको छ ।

धुलो तथा घामको विकिरणबाट आँखालाई सुरक्षित राख्न चस्माले महत्वपूर्ण भूमिका खेल्छ । जतातातैको धुलोका कारण मास्कसँगै चस्माको प्रयोग अनिवार्य जस्तै हुन पुगेको छ । यसले समर फेसनमा नयाँ फ्लेबर त दिन्छ नै साथसाथै आँखालाई सुरक्षा पनि । गर्मीयाममा सनग्लासको प्रयोग फेसनेबल देखिनुका साथै आँखाको रक्षाका लागि उपयोगी हुन्छ । घामको चर्को प्रकाश, धुलो, धुँवा आदिको सोझो प्रभावबाट सन ग्लासले आँखालाई जोगाउँछ ।

नायिका प्रियंका कार्की चस्मा (सन ग्लास)को निकै सोखिन छिन् । उनी भन्छिन्- 'आँखाका लागि कालो चस्माको प्रयोग निकै उपयोगी मानिन्छ । कालो चस्माले आँखालाई धुलो, धुँवा, किटाणुबाट बचाउनुका साथै अल्ट्रा भाइलेट विकिरणबाट समेत सुरक्षा प्रदान गर्छ ।' जसरी शरीरलाई लुगा चाहिन्छ, त्यसरी नै आँखालाई चस्मा चाहिन्छ । 'बाहिर निस्कन चस्माबिना त कल्पना पनि गर्न सकिँदैन' -कार्कीले भनिन् । उनले राम्रो ब्रान्डको चस्मा मात्र प्रयोग गर्ने बताउँदै यसले आफूलाई फेशनेबल देखाउनुका साथै आँखाको पनि सुरक्षा गर्ने बताए ।

चस्माले मानिसको व्यक्तित्व पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्छ । कार्कीले आफ्नो धारणा व्यक्त गर्दै चस्मा लगाउने केही मानिसलाई राम्रो सुहाउने तर कसैलाई भने फिटिक्कै नसुहाउने बताइन् । 'आफ्नो मुहारको बनोटलाई ख्याल नगरी बजारको फेशन अनुसार छान्दा लगाएको चस्माले सुहाउँदैन, त्यसैले आफ्नो अनुहार अनुसार चस्मा लगाउनुपर्छ ।' उनले सुझाव दिइन् ।

विगत ३० वर्षदेखि चस्माको व्यापार गरिरहेका अर्जुन श्रेष्ठका अनुसार व्यक्तिलाई कस्तो फ्रेम भएको चस्मा सुहाउँछ भन्ने कुरा अनुहारको बनोट, छालाको रङ तथा कपालको शैलीमा निर्भर हुन्छ । श्रेष्ठले चारपाटे वा गोलो अनुहार भएका व्यक्तिलाई रेक्टेङ्गुलर तथा लाम्चो अनुहार भएका व्यक्तिलाई बढी चौडा भएको चस्मा सुहाउने जानकारी दिए । ओभल आकारको मुहार भएका व्यक्तिलाई भने प्रायः सबैखाले फ्रेमको चस्मा सुहाउने उनको भनाइ छ । नाक लामो भएका व्यक्तिलाई लेन्सको बीचको भाग अलि छोटो तथा नाकको तल्लो भागमा अडिनेखालको र छोटो नाक भएकाहरूलाई भने नाकको सिरानमै अडिने खालको चस्मा राम्रो सुहाउने उनको सुझाव छ ।

नायिका आँचल शर्मा पनि चस्माको अर्का सोखिन छन् । उनी भन्छन्- 'सन ग्लासको नाता स्टाइलसँग मात्र छैन, आँखाको स्वास्थ्यसँग पनि छ । त्यसैले चस्मा गुणस्तरीय हुनुपर्छ । यसले आँखामा सुरक्षा प्रदान गर्छ ।' उनले गर्मी मौसममा घामको पराबैजनी किरणलाई अवशोषित गर्ने क्षमता भएको सन ग्लास लगाउनुपर्नेमा जोड दिए । यसका लागि सकेसम्म राम्रो र चलेको ब्रान्डको सन ग्लास छनोट गर्नुपर्छ ।  नेपाली बजारमा थुप्रै ब्रान्डका सन ग्लास पाइन्छ यद्यपि असली ब्रान्ड भने चिन्न सक्नुपर्छ । फुटपाथमा उपलब्ध हुने सन ग्लास गुणस्तरीय हुँदैन । नेपाली बजारमा गुची, रेबन, भरसिज, जारा, फुजी, क्रिस्टिन डाई, अर्मानी, पोलिस आदि ब्रान्डका सन ग्लास उपलब्ध छन् ।

कमसल वा पराबैजनी किरणलाई अवशोषित गर्ने क्षमता नभएको सन ग्लासले आँखालाई बेफाइदा गर्छ ।  तसर्थ, चस्मा रोज्दा सकेसम्म गुणस्तरयुक्त रोज्नु राम्रो हुन्छ । चस्माको सिसामा अलिकति पनि पावर हुनु हुँदैन । निधारमा चस्मा अड्याएर राख्दा यसले फ्रेम खुकुलो बनाउँछ । चस्माको प्रयोग गर्दा आँखामा अल्ट्राभाइलेट रेको प्रभाव कम हुने र मोतीबिन्दु तथा आँखाको ढकनीको झिल्लीमा हुने क्यान्सर समेत घटाउने चिकित्सकहरू बताउँछन् ।

# युवा मृत अवस्थामा फेला

**ताप्लेजुङ, बैशाख २९।** ताप्लेजुङको मिक्वाखोला गाउँपालिका-१ दुम्जाका एक युवक मृत अवस्थामा फेला परेका छन् ।

दोभानबाट आफ्नो घर खोक्लिङतर्फ गएका २४ वर्षीय विमल कार्की मृत अवस्थामा फेला परेका हुन् । जेसीबी अपरेटरका रुपमा काम गर्दै आएका उनी मतदानका लागि छुट्टी लिएर घरतर्फ गएका थिए ।

बेलुकासम्म परिवारसँग सम्पर्क भए पनि समयमा घर नपुगेपछि खोजतलास गर्ने क्रममा मृत अवस्थामा फेला परेको स्थानीयले बताएका छन् । घटनाका सम्बन्धमा अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

# एक थान भरूवा बन्दुकसहित पक्राउ

**झापा, बैशाख २९।** पुथाउत्तरगंगा गाउँपालिका-१४ पोबाङ बस्ने ४० वर्षीय चन्द्रबहादुर कामीलाई एक थान भरुवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको छ ।

लोड गरिएको अवस्थामा रहेको वन्दुक बोकी जंगलबाट घरतर्फ फर्कंदै गरेका चन्द्रबहादुरलाई सोही ठाउँस्थित सिद्बमण्डली माध्यमिक विद्यालय राङसीको मतदान स्थलमा खटिएको प्रहरीले फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ ।


**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।
सम्पर्क:
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा
– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक
नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**पार्लर तु-बिक्रीमा**
बिर्तामोडस्थित एमिटी कलेज अगाडि चालू अवस्थामा रहेको ब्यूटीपार्लर सस्तो मूल्यमा तुरुन्त बिक्रीमा छ ।
मो. ९८१५०१८४१५

**चलिरहेको कपडा पसल बिक्रीमा**
बिर्तामोडस्थित कृषिथोक बजारमा रहेको कपडा पसल बिक्रीमा छ ।
मूल्य २,१०,०००।- रहेको छ ।
सम्पर्क : ९८२५९५४१८३

**छापाखाना**
क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई**
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240
झट्ट फोन झट्ट सेवा

**ज्योतिष परामर्श सेवा**
के तपाई आफ्नो जन्मकुण्डली (चिना) १२ राशी ९ ग्रह २७ नक्षत्र एवम् वास्तु शास्त्रमा विश्वास गर्नुहुन्छ ? तपाईको जीवनमा घट्ने घटना भाग्य, व्यापार, पढाई, विवाह, सन्तान, वैदेशिक यात्रा, घरमा भएको वास्तु दोष, कलह, क्लेश, बिरामी आदिको निदान उपायविधिद्वारा सम्पूर्ण रुपमा निराकरणको ग्यारेन्टी गर्नुको साथै शुलभ मूल्यमा चिना टिपन बनाइन्छ । अनलाइनबाट पनि जन्म कुन्डली चिना विश्लेषण गरिन्छ । कुन्डली विश्लेषण ९० भन्दा माथिको ग्यारेन्टी दिइन्छ ।
कश्यप पाण्डे बृहस्पति
दिव्य दृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा
शनिश्चरे ट्याक्सी स्टेन भेटवाल मार्केट, बिर्तामोड, झापा
सम्पर्क : ९८२४०४४१६२, ९८६९६०६७८७

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**विशेषज्ञ डाक्टरहरूको सेवा**
डा. अजय अग्रवाल
MBBS, MD
वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ
प्रत्येक दिन बिहान : ८:३०-९:३०
बेलुका ५:००-६:०० बजेसम्म
डा. पिताम्बर ठाकुर
MBBS, MD
वरिष्ठ फिजीसीयन
प्रत्येक दिन बिहान : ११:००-१:००
दिउसो ३:००-५:०० बजेसम्म
अन्य सेवाहरू : हाडजोर्नी तथा नशा रोग, बालरोग, नाक, कान, घाटी रोग, छाला तथा यौनरोग, बाथरोग तथा टाउको तथा मानसिक रोगको विशेषज्ञ डाक्टरहरुद्वारा दैनिक सेवा उपलब्ध छ ।
नोटः यहाँ डिजिटल एक्स-रे, भिडियो एक्स-रे, इसीजी तथा आधुनिक प्याथोलोजी ल्यावको  सेवा रहेको छ ।
सम्पर्कः ठाकुर पोलीक्लीनिक
बिर्तामोड, पश्चिम स्टेण्ट, फोन नं. : ०२३-५९०००८, ९८१७९६४७७९

**होम डेकोर**
AAROHI
INTERNATIONAL PAINTING & DEVORATIVE PVT. LTD.
HOME DECOR
Interior Homes Decoration Gypsum Cornice
यहाँ सम्पूर्ण कलरबाट गर्ने डिजाइनहरु  Arts, 3D Wall Painting, Wall Sticker  र  Wall Paper अनि तपाईहरुले चाहे जस्तै घरका सम्पूर्ण Painting को काम सुपथ मूल्यमा गरिन्छ । यहाँ घर, पसल, मार्केटहरुमा सम्पूर्ण कलहरुबाट डिजाइन गरिन्छ ।
प्रोप्राइटर : रोशन बानियाँ
पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा (फोन नं. ९८१८९५४९१३)
नोट : यहाँ कलर पाउनका साथै घर निर्माण पनि गरिन्छ ।




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**बृष (इ,  उ, ए,  ओ, बा, बि, बु, बे, बो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
काममा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तको सहयोग प्राप्ति होला ।